सम्पर्क फोन न. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. : 9629

मिति : २०७८/३/२०

**विषयः निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा ।**

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

उपर्युक्त विषयमा तहाँ मन्त्रालयको प.सं. २०७७/७८, च.नं. ६४३, मिति २०७८/३/४ गतेको पत्र तथा सो साथ संलग्न यातायात व्यवस्था कार्यालय, कञ्चनपुरको प.सं. २०७७/७८, च.नं. १४६१, मिति २०७८/३/३ गतेको पत्रबाट जिल्ला प्रशासन कार्यालय, कैलालीबाट मिति २०७८/१/१३ र १४ तथा मिति २०७८/३/७ गते प्रकाशित निषेधाज्ञा सम्बन्धी आदेशबाट मिति २०७८/१/१६ देखी २०७८/३/१५ गतेसम्म कैलाली जिल्लामा र जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट समेत जारी भएको निषेधाज्ञा सम्बन्धी आदेशबाट गरिएको बन्दाबन्दी कारण निषेधाज्ञाको अवधिभित्र सवारी दर्ता, सवारी चालक अनुमतिपत्र तथा जाँचपास लगायत यातायात व्यवस्था कार्यालयबाट दर्ता एवम् नवीकरण गरिने सम्पूर्ण कागजातहरुको अवधि समाप्त हुनेहरुको लागि जरिवाना लाग्ने अवस्था रहिरहने भएकोले सो अवधिमा कर, दस्तुर तथा शुल्क बुझाउन नपाउने सेवाग्राहीहरुको कर, दस्तुर तथा शुल्कको जरिवानामा छुट गर्ने निर्णय गर्न आवश्यक व्यवस्थाका लागि अनुरोध भई आएको सम्बन्धमा यस मन्त्रालयको मिति २०७८/३/२० गते (माननीय मन्त्रीस्तर) को निर्णयानुसार देहाय अनुसार निर्णय गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिलः**

१. चालु आर्थिक वर्ष २०७७/७८ को हकमा मिति २०७८/१/१६ गतेदेखी हालसम्म जिल्ला प्रशासन कार्यालय कैलालीबाट जारी आदेश अनुसार निरन्तर रहेको बन्दाबन्दी तथा अन्य जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुबाट समेत पटकपटक भएको आदेशबाट जारी बन्दाबन्दीको समयलाई शून्य समय मानी सो अवधिमा यातायात व्यवस्था कार्यालयमा नियमानुसार बुझाउनु पर्ने कर, दस्तुर तथा शुल्क र उक्त कार्यालयबाट जारी हुने सम्पूर्ण कागजात/प्रमाणपत्रहरु बन्दाबन्दीको कारण दाखिला तथा बुझाउन नसकी जरिवानामा पर्ने सेवाग्राहीहरुको हकमा निजी, सार्वजनिक वा सो सरहका सवारी साधन (यातायात) पूर्णरुपमा खुलेको मितिदेखि १५ (पन्ध्र) दिनभित्र उक्त बुझाउनु पर्ने कर, शुल्क, दस्तुर लगायत कागजात तथा प्रमाणपत्र बुझाएमा, उक्त जरिवाना छुट गर्ने ।
२. मिति २०७८ असार मसान्तपछि समेत बन्दाबन्दी रहेमा सो सम्बन्धमा प्रदेश आर्थिक ऐन, २०७८ को दफा १३, १४ र १८ वमोजिम आवश्यक निर्णय हुने ।

२०७८/३/२०
(खगेन्द्र साउँद)
शाखा अधिकृत

**बोधार्थ/कार्यार्थ :**
श्री यातायात व्यवस्था कार्यालय कंचनपुर र कैलाली ।
श्री यातायात व्यवस्था सेवा कार्यालय डोटी र डडेल्धुरा ।

Scanned with CamScanner